## २०८१ पुस २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| 2 | अर्थ मन्त्रालय | समृद्धिका लागि वन परियोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने थप १२ मिलियन अमेरिकी डलर (करिब १ अर्ब ६३ करोड रुपियाँ बराबरको) अनुदान सहायता स्वीकार गर्ने। |
| 3 | अर्थ मन्त्रालय | नागरिक लगानी कोषको चुक्ता पूँजी वृद्धि गरी रु.६ अर्ब ४८ करोड १७ लाख १२ हजार २ सय ५० कायम गर्न स्वीकृति प्रदान गर्ने। |
| 4 | अर्थ मन्त्रालय | आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| 5 | अर्थ मन्त्रालय | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| 6 | अर्थ मन्त्रालय | निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| 7 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ को लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु. ३,८६७।३८ निर्धारण गर्ने। |
| 8 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | संयुक्त बजार अनुगमन निर्देशिका २०६९, शहीदका परिवारलाई पेट्रोलियम पदार्थको विक्रेता नियुक्त गर्दा र टैंक ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिने सम्बन्धी कार्यविधि २०६७ र उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि २०७८ खारेज गर्ने। |
| 9 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजश्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री ब्रजेश प्याकुरेललाई तोक्ने। |
| 10 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विशेष अदालत काठमाडौंको सदस्य पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री विदुर कोइरालालाई तोक्ने। |
| 11 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका १५ जना अधिकृतहरूलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने र ९ जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको सरुवा गर्ने। |

| | | |
|---|---|---|
| 12 | गृह मन्त्रालय | अध्यागमन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| 13 | गृह मन्त्रालय | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| 14 | गृह मन्त्रालय | प्रहरी नायव महानिरीक्षकहरू कुबेर कडायत र रबिन्द्र के.सी. लाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने। |
| 15 | गृह मन्त्रालय | नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने. |
| 16 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको रुपन्देही जिल्ला साविक लुम्बिनी आदर्श गा.वि.स. को ३-१०-११ विघा सरकारी प्रकृतिको जग्गा लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीलाई उपयोग गर्न स्वीकृति दिने। |
| 17 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको पर्सा जिल्ला साबिक विजबनिया गा.वि.स. को ०-१०-० विघा सरकारी जग्गा जगरनाथपुर गाउँपालिका, पर्सालाई उपयोग गर्न स्वीकृति दिने। |
| 18 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| 19 | युवा तथा खेलकुद मन्त्रालय | २०८१ माघ ६ गते मलेसियामा आयोजना हुने Tharu Annul Day and Cultural Maghi Festival Program विषयक कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुन माननीय युवा तथा खेलकुद मन्त्रीलाई स्वीकृति दिने। |
| 20 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | पारमाणविक पदार्थको नियमन सम्बन्धी निर्देशिका, २०७२ खारेज गर्ने। |
| 21 | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | आगामी २०८१ माघ १६ देखि १७ मा साउदी अरेबियाको रियादमा आयोजना हुने Ministerial Roundtable of the Global Labor Market Conference मा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 22 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आ.व. २०८१/८२ को लागि अधिकृतस्तरका ३ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 23 | नेपाल प्रहरीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |

| | |
|---|---|
| 24 | सशस्त्र प्रहरी बल, नेपालसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| 25 | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| 26 | Framework Agreement between the Government of Nepal and the Global Fund to Fight AIDS, Tubeculosis and Malaria विषयक सम्झौतामा समकक्षी मिलाई हस्ताक्षर गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई स्वीकृति दिने। |
| 27 | पर्वतारोहणसम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| 28 | निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूको सरुवा गर्नेः |

| क्र.सं. | नाम थर | हालको पद तथा निकाय | सरुवा गरिएको पद तथा निकाय |
|---|---|---|---|
| 1 | श्री दिनेश भट्टराई | सचिव; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सचिव, उपराष्ट्रपतिको कार्यालय |
| 2 | श्री भरतमणि सुवेदी | सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव; निर्वाचन आयोग |
| 3 | श्री सुमनराज अर्याल | सचिव; युवा तथा खेलकुद मन्त्रालय | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| 4 | डा. गणेशप्रसाद पाण्डेय | सचिव; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | महालेखा नियन्त्रक; महालेखा नियन्त्रक कार्यालय |
| 5 | डा. कृष्णहरि पुष्कर | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| 6 | श्री रविलाल पन्थ | सचिव; निर्वाचन आयोग | सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| 7 | श्री मुकुन्दप्रसाद निरौला | सचिव; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सचिव; सार्वजनिक खरिद अनुगमन कार्यालय |
| 8 | श्री विनोदप्रकाश सिंह | महालेखा नियन्त्रक; महालेखा नियन्त्रक कार्यालय | सचिव; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| 9 | श्री लक्ष्मीकुमारी बस्नेत | सचिव; उपराष्ट्रपतिको कार्यालय | सचिव; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | 10 | श्री चुडामणी पौडेल | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| | 11 | डा. हरिप्रसाद लम्साल | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश | सचिव; युवा तथा खेलकुद मन्त्रालय |
| | 12 | श्री लोकनाथ पौड्याल | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश |
| | 13 | श्री माहादेव पन्थ | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश |
| 29 | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा सहसचिव श्री बाबुराम अधिकारी र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा सहसचिव श्री मदन भुजेललाई कायम मुकायम मुकरर गर्ने। | | | |